अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०१।१० गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

प्रहरी किताबखाना लैनचौर, काठमाडौंमा कार्यरत कम्प्युटर अपरेटर (नायव सुब्बा) सुरज के.सी.ले निवृत्तिभरणको अधिकार पत्र बनाउने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिई गएको टोलीले निज कम्प्युटर अपरेटर (नायव सुब्बा) सुरज के.सी.लाई सेवाग्राहीसँग रू.१०,०००। - (दश हजार) घुसबापतको रकम लिदै गर्दाको अवस्थामा निजकै कार्यकक्षबाट नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता